# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना -१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाली महावाणिज्यदुतावास, न्यूयोर्कमा रहेको पुरातात्विक महत्वको प्रस्तरको दुर्गाको मूर्ति अमेरिकी डलर १०,०००.०० (दश हजार) मूल्य बराबरको नेपाल सरकार, पुरातत्त्व विभागका महानिर्देशकले बुझिलिने गरी र बेलायतको लण्डनस्थित नेपाली राजदुतावासमा रहेको पुरातात्त्विक महत्वको प्रस्तरको सूर्यको मूर्ति स्टर्लिङ पाउण्ड ११,०००.०० (एघार हजार) मूल्य बराबरको नेपाल सरकार, पुरातत्त्व विभागले बुझिलिने गरी नेपाल फिर्ता ल्याउन लागिएको दुई थान मूर्ति पैठारी गर्दा लाग्ने महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०८०।०४।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना -२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालबाट गैरकानूनी रुपमा संयुक्त राज्य अमेरिका पुगेका चालिस थान कलाकृतिहरु वासिङ्गटन डि.सी. स्थित नेपाली राजदुतावासबाट नेपाल सरकार, पुरातत्त्व विभागका महानिर्देशकले बुझिलिने गरी नेपाल फिर्ता ल्याउन लागिएको चालिस थान मूर्तिहरु पैठारी गर्दा लाग्ने महसुल पूर्ण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट दिने निर्णय मिति २०८०।०४।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना -३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी COVID-19 Response Mechanism (C19RM), 2021 Grant अन्तर्गत Save the Children मार्फत राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, ठिमी भक्तपुरको नाममा प्राप्त हुने अमेरिकी डलर २,४६,७५०.०० (दुई लाख छयालिस हजार सात सय पचास) मूल्य बराबरको तीन थान Portable Digital x-Ray Machine (Delft Light Full Kit 001 with accessories) पैठारी गर्दा लाग्ने महसुल तथा कर पूर्ण छुट दिने निर्णय मिति २०८०।१०।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, ठिमीको नाममा The Global Fund मार्फत प्राप्त हुने अमेरिकी डलर ७,९९,२१७.०१ (सात लाख उनान्सय हजार दुई सय सत्र सेन्ट एक) मूल्य बराबरको स्वास्थ्य सामग्री (TB Diagnostic Kits) पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८०।१२।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना -५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, ठिमीको नाममा The Global Fund अन्तर्गत Save the Children मार्फत प्राप्त हुने अमेरिकी डलर १९,५४९.८३ (उन्नाइस हजार पाँच सय उनन्पचास सेन्ट त्रियासी) मूल्य बराबरको औषधिहरु पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०१।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी International Atomic Energy Agency र नेपाल सरकारबीच भएको Country Programme Framework को सम्झौता अन्तर्गत IAEA ले UNDP मार्फत पशुपन्छी विकास मन्त्रालय अन्तर्गत केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई उपलब्ध हुने र नेपाल सरकारको विभिन्न प्रयोगशालालाई प्राप्त हुने युरो ७८,९६८.१० (अठहत्तर हजार नौ सय अठसट्ठी सेन्ट दश) मूल्य बराबरको पशु स्वास्थ्यसँग सम्बन्धित सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल लगायतका दस्तुर, कर, शुल्क छुट दिने निर्णय मिति २०८१।०१।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना - ७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी COVID-19 Response Mechanism (C19RM), 2021 The Global Fund Grant अन्तर्गत खरिद भएका र स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा हस्तान्तरण भई राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, ठिमी र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको नाममा प्राप्त हुने अमेरिकी डलर ९,८२६.६८ (नौ हजार आठ सय छब्बिस सेन्ट अठसट्ठी) मूल्य बराबरका स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०१।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भक्तपुर क्यान्सर अस्पताल, भक्तपुरको नाममा भारत सरकारको सहयोगमा भारतीय राजदुताबास मार्फत अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर १,१८,४९९.०० (एक लाख अठार हजार चार सय उनान्सय) मूल्य बराबरको रेडियोधर्मी पदार्थ पैठारी गर्दा लाग्ने महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०१।२६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी समाज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कल्याण परिषद्सँग आवद्ध सुन्दरढोका साथीसेवा नामक गैरसरकारी संस्थाको नाममा Joni & Friends/Wheels for the World, America बाट रुकुम (पश्चिम भाग) का अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क वितरणका लागि प्राप्त हुने अमेरिकी डलर ४३०५.०० (चार हजार तीन सय पाँच) मूल्य बराबरको सामग्रीहरु पैठारी गर्दा लाग्ने सम्पूर्ण भन्सार महसुल कर, शुल्क छुट दिने निर्णय मिति २०८१।०२।०३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -१०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको नाममा Global Fund द्वारा वस्तुगत सहायता अन्तर्गत Save the Children मार्फत अनुदानस्वरुप प्राप्त हुने HIV सङ्क्रमित बिरामीहरुको लागि प्रयोग हुने अमेरिकी डलर ३,३४,४४६.७३ (तीन लाख चौतिस हजार चार सय छयालिस सेन्ट त्रिहत्तर) मूल्य बराबरको HIV Lab Commodities तथा औषधिहरु पैठारी गर्दा लाग्ने महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०२।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खोप कार्यक्रमको लागि GAVI बाट खरिद भई UNICEF मार्फत स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नाममा अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर ३८,०००.००



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अठतिस हजार) मूल्य बराबरको Colora Diagnostic Kits (CRYSTAL VC(DIPSTICK) पैठारी गर्दा लाग्ने महसुल, कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०२।०९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -१२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अमेरिकाको Maui निवासी अमेरिकी नागरिक Susan Bradford को व्यक्तिगत सङ्ग्रहमा रहेका र अमेरिकाको वासिङ्टन डि.सी.स्थित नेपाली राजदूतावासलाई हस्तान्तरण भईसकेका पुरातात्त्विक महत्वका कलाकृतिहरु Susan Bradford को आर्थिक सहयोगमा नेपाल सरकार, पुरातत्त्व विभागका महानिर्देशकले बुझिलिने गरी नेपाल ल्याउन लागिएको अमेरिकी डलर ८०,५००.०० (असी हजार पाँच सय) मूल्य बराबरको चौबिस थान कलाकृतिहरु पैठारी गर्दा लाग्ने महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०२।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना -१३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी COVID-19 Response Mechanism (C19RM), 2021 Global fund Grant बाट Save the Children मार्फत खरिद भई राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, ठिमीको नाममा अनुदानस्वरुप प्राप्त हुने अमेरिकी डलर ६,९२,६९६.३३ (छ लाख बयानब्बे हजार छ सय छयानब्बे सेन्ट तेत्तिस) मूल्य बराबरको स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०२।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -१४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रको प्रयोजनको लागि Department Analyses, Surveillance, Environment (DASE), France बाट वस्तुगत सहायतास्वरुप प्राप्त हुने युरो ६,००७.४२ (छ हजार सात सेन्ट बयालिस) मूल्य बराबरको यन्त्र तथा उपकरणहरु पैठारी गर्दा लाग्ने भन्सार महसुल लगायत सम्पूर्ण कर, दस्तुर, महसुल पूर्ण छुट दिने निर्णय मिति २०८१।०२।३२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -१५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी Save the Children, Nepal ले COVID-19 Response Mechanism (C19RM), 2021 The Global Fund Grant अन्तर्गत खरिद भएका र स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा हस्तान्तरण भई प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कोशी प्रदेश, विराटनगर र प्रदेश जनस्वास्थ्य प्रयोगशाला, लुम्बिनी प्रदेश, रुपन्देहीलाई प्राप्त हुने अमेरिकी डलर ८५,१५७.०८ (पचासी हजार एक सय सन्ताउन्न सेन्ट आठ) मूल्य बराबरको स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०२।३२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना -१६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी जलन उपचारको लागि जनस्वास्थ्य सरोकार ट्रष्ट नेपालद्वारा सञ्चालित कीर्तिपुर अस्पताल, काठमाडौंको नाममा Operation Smile, UK बाट निशुल्क प्राप्त हुने स्टर्लिङ पाउण्ड १९,४०८.०० (उन्नाइस हजार चार सय आठ) मूल्य बराबरको स्वास्थ्य सामग्री तथा उपकरणहरु पैठारी गर्दा लाग्ने महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०८१।०३।०७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**बलसागर गिरी**
**सहसचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।